!!संस्कृति, पर्यटन, कृषि र पुर्वधार । समावेशी सुनकोशी समृद्धिको आधार !!

# सुनकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मुलखर्क, ओखलढुंगा

स्थापना: २०७३

पत्र संख्या: २०८२/०८३

चलानी नम्बर:

कोशी प्रदेश , नेपाल

मितिः २०८२/०५/१९

( नेसं. ११४५ अंलाथ्व द्वादशी विहिवार)

## गहुँको उन्नत विउ माग गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१९)**

प्रस्तुत विषयको सम्बन्धमा यस सुनकोशी गाउँपालिका कृषि विकास शाखाको आ.व २०८२/०८३ को स्वीकृत सशर्त अनुदान तर्फको खाद्यन्न बालि गहुँको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि कृषि विभाग हरिहरभवन, पुल्चोक, ललितपुरको मिति २०८२/०५/१२ गतेको सूचना बमोजिम ५० % लागत साझेदारीमा खाद्यन्न बालि गहुँको बिउ वितरण गर्न माग संकलन गरी DESES मा उन्नत विउ माग प्रविष्ट गर्नुपर्ने भएकाले यस गाउँपालिका भित्रका ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फार्म तथा कृषि कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र वा (मिती २०८२/०६/०२) गते सम्म सम्बन्धित वडा कार्यक्षेत्रका कृषि प्राविधिकहरुको प्राविधिक सल्लाह अनुसार यसै सूचना साथ कृषि विभागले तोके बमोजिम आवश्यक गहुँको जात ,गहुँको परिमाण र उल्लेखित मुल्य यकिन गरि गाउँपालिका कृषि विकास शाखामा आवश्यक कागजात र लागत साझेदारी रकम सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु:**

१) जात ,परिमाण र साझेदारी रकमको विवरण खुल्ने निवेदन पत्र ।

२) नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**नोटः वडा प्राविधिक सम्पर्कको लागि**

१) करिश्मा पराजुली (कृषि प्राविधिक) ९८६०२६६३६३ वडा नं ७,८,९ र १०

२) कुशल पहाडी (कृषि प्राविधिक) ९८४२९२६८२६ वडा नं १,२,३ र ४

थप जानकारीको लागी सुनकोशी गाउँपालिका कृषि शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**वोद्यार्थ:**

श्री सूचना प्रविधी शाखा वडा कार्यालयहरुको mail र पालिकाको facebook page तथा office website मा पत्र अपलोड गरिदिनुहुन ।

राम कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विभाग

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

# गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन तथा उन्नत बीउ विजनको प्रयोगमा प्रोत्साहन अनुदान कार्यक्रमका लागि अनलाइन आवेदन, आपूर्ति तथा माग विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८२ भाद्र १२ गते बिहीबार**

संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढीकरण गरी बीउ उत्पादक तथा प्रयोगकर्ता कृषकहरुलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२** बमोजिम चालु आर्थिक वर्ष २०८२/०८३ मा संघीय सशर्त बजेट मार्फत कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यलय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट सञ्चालन हुने उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू मार्फत सञ्चालन हुने **उन्नत बीउ बिजनको प्रयोगमा मूल्य अनुदानमा** सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.doanepal.gov.np मार्फत् वा www.doanepal.gov.np वेबसाइटको DESES मा रहेको **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यक्रम** अन्तरगत रहेको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान र उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** शिर्षकमा गई देहाय बमोजिमका शर्तहरू तथा समय सीमा भित्र तोकिएका कागजातहरू अपलोड गरी अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले पुन: रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) पश्चात बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भाग**मा गहुँको उन्नत बीउ आपूर्ति विवरण प्रविष्ट गर्नु हुन तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरूबाट गहुँको विभिन्न जातका उन्नत बीउको माग संकलन गरी यस कार्यक्रमका लागि विनियोजित संघीय सशर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने परिमाणमा मात्र गहुँका जातको उन्नत बीउको माग **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सम्भाग**मा प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

**शर्त/बन्देज तथा समय सीमा**

१. गहुँ बालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/प्रोत्साहन/मूल्य अनुदान देहाय बमोजिम हुनेछ।

| गहुँ बालीका जातहरू | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान रकम (रु. प्रति के.जी.) | उन्नत बीउ प्रयोगमा कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु. प्रति के.जी.) |
|---|---|---|---|
| विजय, गौतम, बाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, बि.एल. ४३४१, आदित्य, जिङ्ग गहुँ १, जिङ्ग गहुँ २, बोर्लोग २०२०, भृकुटी, अन्नपूर्ण १, अन्नपूर्ण ४, बी. एल १४७३, नेपाल २९७, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्गल्हामु, मुनाल, मुडुले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, खजुरा ड्युरम १, खजुरा ड्युरम २, हिमगंगा र खुमलशक्ति | ७४ | १२ | यस तालिकामा उल्लेख भएको मूल्यमा कार्यविधिको दफा ८ को उपदफा ३ को खण्ड (छ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत मूल्य अनुदान उपलब्ध हुने। |

२. बीउ बिजन कारोबार सम्बन्धि अनुमतिपत्र लिएका बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत **बीउ उत्पादनमा प्रोत्साहन अनुदान**मा सहभागी हुन पाउने छन्। श्रोत बीउ (मूल र प्रमाणित) उत्पादन अनुमती प्राप्त निवेदकले श्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान वा उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान मध्ये कुनै एक मात्र रोज्नु पर्नेछ।

३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादकले शर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्यमा बीउ प्रशोधन, बीउ उपचार लगायत बीउ उत्पादनका सबै शर्तहरू पुरा गरी टयागिङ्ग, व्यागिङ्ग तथा लेवलिङ्ग भएको उन्नत बीउ उपलब्ध गराउनुपर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले विद्युतीय बीउ व्यवस्थापन प्रणाली (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रूपमा बीउको आपूर्ति गर्नुपर्नेछ।

५. रजिष्ट्रेसन/लग इन/दर्ता प्रारम्भ मितिः २०८२ भाद्र १२ गते बिहीबार

६. रजिष्ट्रेसन समाप्त हुने मितिः २०८२ भाद्र २६ गते बिहीवार

७. DESES मार्फत् सम्बन्धित बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति २०८२ असोज २ गते बिहीवार सम्म।

८. DESES मार्फत् सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग प्रविष्ट गर्ने शुरु मिति २०८२ असोज ३ गते शुक्रवार र अन्तिम मिति २०८२ असोज १२ गते आईतवार सम्म।

९. थप जानकारीका लागि www.moald.gov.np र www.doanepal.gov.np मा राखिएको **बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यविधि**, २०८२ हेर्न सकिनेछ र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर सम्पर्क: ०१-५५२११५१, ९८६८९४१४६७, ९८५१२०९२६६, ९८५१२१६९५१ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू।